मितिः२०८३-०३-०३ बैठक संख्याः१६

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. सियारी गाउँपालिकाको आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।
३. सियारी गाउँपालिकाको आ.व.२०८१/०८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
४. उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी सम्मान सम्बन्धमा।
५. लिलाधर छपिया जनता कलेजको छात्रवृत्ति सम्बन्धमा।
६. वडा नं १ को सिँचाई कुलो सरसफाई सम्बन्धमा।
७. वडा नं २ को सार्वजनिक पोखरी मर्मत सम्बन्धमा।
८. गाउँपालिका अन्तर्गत रहेका क्रेसर उद्योग सम्बन्धमा।
९. पटके कर र बजारको ठेक्का सम्बन्धमा।
१०. बजार सञ्चालन अनुमति सम्बन्धमा।

मितिः२०८३-०३-०३ बैठक संख्याः१६

**निर्णयहरुः**

| क्र.स. | निर्णयको संक्षिप्त बेहोरा |
|---|---|
| १ | यस भन्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो। |
| २ | सियारी गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत समिति तथा शाखाबाट पेश भएको आ.व.२०८३/०८४ को संलग्न बमोजिमका नीति तथा कार्यक्रमहरु स्वीकृत गर्ने र गाउँसभाको १९ औँ अधिवेशनको पहिलो बैठकमा पेश गर्ने। |
| ३ | लेखा समितिबाट पेश भएको सियारी गाउँपालिकाको आ.व.२०८१/०८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा जानकारी प्राप्त भयो। साथै उक्त प्रतिवेदन गाउँसभाको १९ औँ अधिवेशनको पहिलो बैठकमा पेश गर्ने। |
| ४ | सियारी गाउँपालिकामा सेवारत कर्मचारीहरुको मनोबल उच्च राखी समय सापेक्ष थप प्रभावकारी सेवा प्रवाह गर्नको लागि उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गर्नको लागि छनौट गर्ने प्रयोजनार्थ देहायको समिति गठन गर्ने।<br>संयोजक – प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डे<br>सदस्य – वडा अध्यक्ष श्री श्रीराम यादव अहिर<br>सदस्य – वडा अध्यक्ष श्री शेर बहादुर गुरुङ्ग |
| ५ | लिलाधार घिमिरे जनता कलेजले छात्रवृत्ति सम्बन्धी पेश गरेको प्रस्तावना अध्ययन गरी प्रक्रिया पुरा गरी सम्बन्धित विद्यार्थीको खातामा छात्रवृत्ति भुक्तानी दिने। |
| ६ | सियारी गाउँपालिका वडा नं १ मा रहेको बुस्टर फिड नजिकको परम्परागत सिँचाई कुलो प्राविधिक स्टिमेट अनुसार सरसफाई गर्दा निस्केको माटोको परिमाण एकिन गरी गाउँपालिकामा राजस्व दाखिला गराई कुलो सरसफाई गर्न १ नं वडा कार्यालयलाई अनुमति दिने। |
| ७ | सियारी गाउँपालिका वडा नं २ को कित्ता नं. ५२० को क्षेत्रफल ०-८-२ मा सार्वजनिक कटैया पोखरीमा किसानहरुले परम्परागत रुपमा पानी स्टोर गरी राख्ने र सुख्खायाममा सिँचाई गर्ने सार्वजनिक पोखरी भएको हुँदा उक्त पोखरी सरसफाई र मर्मत सम्भार गर्दा निस्कने माटोको प्राविधिक स्टिमेट अनुसारको रकम गाउँपालिकामा दाखिला गर्ने र सिँचाई व्यवस्थापनको कार्यको लागि वडा कार्यालयबाट माग भए बमोजिम वडा कार्यालय मार्फत मर्मत सम्भार कार्य गर्न अनुमति प्रदान गर्ने। |

| | |
|---|---|
| ८ | सियारी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका क्रसर उद्योगहरुमध्ये केही क्रसर उद्योगहरुले गाउँपालिकामा नियमानुसार बुझाउनु पर्ने राजस्व रकम बुझाउनको लागि पटक पटक पत्राचार गर्दा समेत अटेर गरी हालसम्म पनि राजस्व बक्यौता रहेकोले अन्तिम पटकको लागि मितिः२०८३ असार १० गते भित्र बक्यौता सहितको राजस्व दाखिला गर्न समय प्रदान गरी पत्राचार गर्ने र सो समयमा राजस्व दाखिला नभएमा कानूनी कारबाहीको प्रक्रिया अगाडी बढाउन नेपाल सरकार, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, रुपन्देही, आन्तरिक राजस्व कार्यालय लगायतका सम्बन्धित निकायहरुमा उक्त कार्यमा आवश्यक सहजीकरणको लागि अनुरोध गर्ने। |
| ९ | सियारी गाउँपालिकाको आर्थिक ऐन बमोजिम कर उठाउने विषय अन्तर्गत आ.व.२०८३/०८४ मा सडक मर्मत पूर्वाधार कर संकलन कार्य तथा हाट बजार व्यवस्थापन कर र कबाडी कर उठाउनको लागि ठेक्का मार्फत सञ्चालन गर्ने। |
| १० | सियारी गाउँपालिका वडा नं ४ को साप्ताहिक हाटबजार हप्तामा दुई दिन सञ्चालनको लागि अनुमति माग भएकोमा किसानहरुको उत्पादनलाई समयमै बजारीकरण कार्यमा सहजीकरण गर्ने प्रयोजनार्थ प्रत्येक हप्ताको सोमबार र बिहिबार साप्ताहिक हाटबजार सञ्चालनको अनुमति प्रदान गर्ने। |